आज मिति २०७४।०३।२४ गते बिहानको ८:३० बजे भद्रपुर नगरपालिका कार्यालयको सभाकक्षमा नगर प्रमुख श्री जीवनकुमार श्रेष्ठज्यूको अध्यक्षता मा देहाय बमोजिमको उपस्थितिमा रही नगर कार्यपालिका बोर्डको बैठक बसी निम्न अनुसारको निर्णयहरु पारित गरियो ।

उपस्थिति

श्री जीवनकुमार श्रेष्ठ, नगर प्रमुख
श्री चन्द्रमाया श्रेष्ठ, नगर उपप्रमुख
श्री दशरथ प्रधान, वडा अध्यक्ष भद्रपुर - १
श्री गिम बहादुर सुब्बा " " " २
श्री कमला थुलुङ " " " ३
श्री ईश्वहार राजवंशी " " " ४
श्री बन्धु कार्की " " " ५
श्री प्रेम बहादुर बस्नेत " " " ६
श्री विनोद प्रसाद पोखरेल " " " ७
श्री गौरब सुब्बा (मनोज) " " " ८
श्री शनिलाल श्रे राजवंशी " " " ९
श्री टेकबहादुर खड्का (काजी) " " " १०
श्री कौशल्या अधिकारी, म°का स°
श्री ममता लिम्बु " " "
श्री जानुका वि°क° " " "
श्री विभा पासवान " " "
श्री मित्रा भट्टराई " " "
श्री घनश्याम लकान्द्री " " "
श्री मुना खवास " " "
श्री भक्तबहादुर गुजेल " " "
श्री काजीमान राई सदस्य सचिव
श्री राजन न्थोपोन
श्री प्रमोद प्रधान
श्री सुभाष भट्टराई
श्री योगेन्द्र रंजीतकार

निर्णय नं.१

बैठकमा पेश भएका कार्यालयमा रहेका ब्याक-हो लोडर, रोलर र फोहोरमैला व्यवस्थापनका लागि प्रयोग हुने ट्याक्टरहरुको संचालन कार्यविधि सर्वसम्मत गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. २

२२औं नगर परिषद तथा पहिलो नगरसभाबाट स्विकृत भएको लक्षित वर्ग विकास कार्यक्रम अन्तर्गत बालबालीका शिर्षकमा विनियोजित बजेटमध्ये बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गतका कार्यक्रमहरुलाई बजेट अंकमा फरक नपर्ने गरि नगरसभाबाट अनुमोदन हुने गरि तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो

| क्र.सं. | क्रियाकलापहरु | इकाई | अवधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन अवलम्बन | पटक | १ | | भद्रपुर नगरपालिका |
| २ | बालमैत्री स्थानीय शासनका सूचकहरुको आधार अवस्था पहिचान र विश्लेषण | पटक | १ | ५०,००० | भद्रपुर नगरपालिका |
| ३ | बालबालिकाको वस्तुगत विवरण तयारी | पटक | १ | १,०५०,००० | भद्रपुर नगरपालिका |
| ४ | बालमैत्री स्थानीय शासन नगर समितिको क्षमता विकास कार्यक्रम | पटक | २ | १००,००० | भद्रपुर नगरपालिका |
| ५ | वडा स्तरीय अभिमुखीकरण र समिति गठन | वटा | १० | २००,००० | भद्रपुर नगरपालिका । वडा कार्यालय |
| ६ | सरोकारवालाहरुको सञ्जाल निर्माण, प्रतिबद्धता र बाल संरक्षण नीति तयारी | वटा | १ | १५०,००० | भद्रपुर नगरपालिका |
| ७ | बाल क्लब गठन कार्यविधी सम्बन्धी छलफल | वटा | १ | ५०,००० | नगरपालिका |
| ८ | बाल क्लब गठन, बाल सञ्जाल निर्माण | वटा | ११ | ७५,००० | नगरपालिका/वडा कार्यालय/शक्षा शाखा |
| ९ | वडा स्तरीय बाल क्लब सञ्जालको क्षमता विकास | वटा | २० | २००,००० | नगरपालिका |
| १० | बाल क्लब बैठक सञ्चालनमा सहयोग | | | २००,००० | नगरपालिका |
| ११ | नगरपालिका भित्र रहेका संरचनाहरुमा बालबालिकाको संस्थागत सहभागिता गर्ने गराउने | निरन्तर | | | सराकोरवाला सबै |
| १२ | बालमैत्री रणनीति आवधिक योजना तयारी | वटा | १ | १५०,००० | नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | बाल संरक्षण तथा सम्बर्द्धन समिति र निगरानी समूह गठन र परिचालन | वटा | ११ | ५०,००० | नगरपालिका/महिला शाखा/बाल कल्याण समिति/बल क्लब सन्जाल |
| १४ | अभिभावक शिक्षा कार्यक्रम | निरन्तर | | | नगरपालिका । सरोकारवाला शाखाहरु |
| १५ | जागृतिमूलक सामग्री निर्माण र प्रचार प्रसार | निरन्तर | | २५०,००० | नगरपालिका |
| १६ | बालकोषको स्थापना र | वटा | १ | ५०,००० | नगरपालिका |
| १७ | योजना तर्जुमाका लागि वडास्तरीय बाल भेला | वटा | ११ | ७५,००० | नगरपालिका/वडा कार्यालय |
| १८ | अनुगमन मूल्यांकनको सूचक तयारी | वटा | १ | १५,००० | नगरपालिका |
| १९ | बाल स्थिती पत्र तयारी तथा प्रकाशन | वटा | १ | १५०,००० | नगरपालिका |
| २० | अभिलेखिकरण | निरन्तर | | १००,००० | वडा तथा नगरपालिका |
| २१ | अनुगमन र प्रतिवेदन | निरन्तर | | १००,००० | नगरपालिका/सरोकारवाला निकाय तथा शाखाहरु |
| २२ | सूचकको प्रगति निर्धारण | निरन्तर | | १००,००० | नगरपालिका |
| २३ | सूचकको प्रमाणिकीकरण | पटक | १ | | नगरपालिका |
| २४ | बालमैत्री शासनको अन्य प्रबर्द्धनात्मक कार्यक्रम | निरन्तर | | १५०,००० | |
| २५ | व्यवहार परिवर्तनका लागि सूचना तथा सन्चार | निरन्तर | | ५०,००० | |
| २६ | बालमैत्री नगर घोषणा | | | १००,००० | |

**बालभेलाबाट प्राप्त योजनाहरु (नगर सभाबाट स्वीकृत**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | टोल टोलमा अभिभावक शिक्षा | | | १००,००० | नगरपालिका |
| २ | न्यानो कपडा वितरण | | | १००,००० | नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बाल विवाह र श्रम शोषण विरुद्ध अभियान | | | ५०,००० | नगरपालिका |
| ४ | बालविकास केन्द्र व्यवस्थापन | | | १७६,००० | नगरपालिका |
| ५ | सामुदायिक विद्यालयमा स्वच्छ पिउने पानी | | | ५०,००० | नगरपालिका |
| ६ | सेनेटरी प्याड खरिद | | | ३०,००० | नगरपालिका |
| ८ | बाल दिवस मनाउन | | | २०,००० | नगरपालिका |
| ९ | बाल क्लबबाट सिफारिस भए अनुसार खेल सामग्री वितरण | | | ९२,०५५ | नगरपालिका |
| १० | सामुदायिक विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | | | १००,००० | नगरपालिका |
| १२ | सामुदायिक विद्यालयका विद्यार्थीहरुको स्वस्थ्य परीक्षण | | | ५०,००० | नगरपालिका |
| १३ | पिछडीएका तथा सुकुम्बासी क्षेत्रमा रहेका बालबालिकाहरुलाई शिक्षामा पहुँच पुऱ्याउन कार्यक्रम सञ्चालन गर्ने | | | ६०,००० | नगरपालिका |
| | **कुल जम्मा** | | | **४,२४३,०५५** | |

निर्णय नं.३

कार्यालयमा आवश्यक सिभिल इन्जिनियर-१ र ट्याक्टर ड्राइभर-४ जनालाई सेवा करारमा लिनका लागि सूचना जारी गरिएबमोजिम पर्न आएका आवेदन उपर नियमानुसार मूल्यांकन गर्दा तपशिल बमोजिमका आवेदकहरु छनौट हुन सफल हुनुभएकोले निजहरुलाई नियम-अनुसार कार्यालयमा हाजिर गराई सम्बन्धित कामको जिम्मा दिने निर्णय गरियो।

तपशिल

सिभिल इन्जिनियर आरिफ अलि, भद्रपुर-६
ट्याक्टर ड्राइभर प्रेम बहादुर राय, भद्रपुर-३
" " फणिन्द्र भुजेल भद्रपुर-१०

निर्णय नं.४

मिति ०६४।५।२६ गतेको नगर कार्यपालिका बोर्ड बैठकको निर्णय नं. ३ अनुसार नगर पालीका मा कार्यरत १६ जना सामाजिक परिचालकहरु मध्ये प्रतिस्पर्धा गराई १० जना सामाजिक परिचालकहरु छनौट गरि कार्यालयमा नतिजा पेश गरेकोमा छनौट समितिलाई धन्यवाद दिने निर्णय गरियो साथै छनौट भएका सामाजिक परिचालकहरुलाई प्रति वडामा एक जना का दरले खटाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५

साबिकको पृथ्वीनगर गा.वि.स.(हालको वडा नं. १,२ र ३को केहि भाग)मा रहेका पुर्व निर्मित भवन तथा घरहरुलाई नियमित नक्शा पासको लागि कुल राजस्व मा ८०% छुट दिइ पौष मसान्त सम्म समय सिमा तोकिएकोमा एक पटकका लागि सोहि सर्त बमोजिम हुने गरि थप ३ महिना (२०६४ चैत्र मसान्त) गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

भद्रपुर नगरपालीकामा लागु गरिने शिक्षा नियमावलीको मस्यौदा बैठकमा जानकारी गराइयो

सोही एकत मस्यौदाको समेत अध्ययन गरि आगामी बैठकमा पेश गर्नका लागि सम्बन्धित सरोकारवाला व्यक्तीहरुलाई मस्यौदा प्रति उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

भद्रपुर नगरपालिका क्षेत्रभित्र रहेका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्राप्त गर्ने सामाजीक सुरक्षा भत्ता साविकको भद्रपुर । वडा नं १०, ३, ८, ७, ९, ५, ४ र ३ को केहि भाग ) को हकमा बैङ्कीङ्ग प्रणाली मार्फत वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रत्येक वडा कार्यालयबाट नगरपालीका तथा अन्य सरकारी एवं गैर सरकारी निकायहरुमा पत्राचार गर्दा हस्तलिखित नभई अनिवार्य रुपमा कम्प्युटर टाइप मार्फत गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस कार्यालयमा कार्यरत कर्मचारीहरुले साविक बमोजिम प्राप्त गर्दै आएको संचार शुल्क सुविधाका सम्बन्धमा आर्थिक प्रशासन शाखाबाट पेश भएको राय तथा टिप्पणी बमोजिम २०७४ श्रावण १ गतेबाट नै लागु हुने गरि कार्यान्वयन गर्ने ~~सम्बे~~ निर्णय गरियो ।

निर्णय नं. १०

चालु आ. व. का लागि नगरपालीका क्षेत्रभित्र आवश्यक पर्ने सडक बत्ती लगायतका विद्युत सामाग्री खरिद गर्नका लागि जिन्सी शाखाबाट नियमानुसार पेश भएको टिप्पणी बमोजीम नै खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

भद्रपुर नगरपालीका अन्तर्गत रहेका १० वटै वडाहरुबाट प्रवाह गरिने सेवाहरुलाई व्यवस्थीत गर्न

का लागि एकिकृत सम्पतीकर तथा आयलेखा सम्बन्धी सफ्टवेर तुरुन्त जडान गर्ने निर्णय गरियो।

निर्णय ३-१२

प्रथम नगरसभाबाट निर्णय भए बमोजीमका कार्यक्रम हरु मध्ये पर्यटन गुरु योजना र नगर स्तरीय सडक गुरु योजना हरुका बारेमा सम्बन्धित परामर्शदाता बाट जानकारी गराउनुका साथै उक्त गुरु योजना तयार गर्नका लागि सबै पक्ष बाट आवश्यक समन्वय तथा सहयोग गर्ने निर्णय गरियो।

निर्णय ३-१३

देउनिया खोला तथा मेची नदी बाट अवैधानिक तवरले नदीजन्य पदार्थ (ढुंगा, गीटी, बालुवा) उत्खनन भइरहेको भन्ने जनगुनासो तथा उजुरी प्राप्त हुन आएकोले सो सम्बन्धमा के भएको हो भनि बुझनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

निर्णय ३.१४

हुलाकी सडक आयोजना अन्तर्गत भद्रपुर-५ मा निर्माण गरिने मेचीनदी तटबन्धन कार्यक्रम कार्यान्वयन गर्नका लागि उक्त स्थानमा रहेका मानववस्ती स्थानान्तरण का लागि अध्ययन गर्ने तथा प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपशिल

संयोजक - बन्धु कार्की वडाध्यक्ष वडा नं-५

सदस्य -